# स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड (HP MSS)

## कार्यान्वयन अभिमुखिकरण मार्गदर्शन

**२०७६/२०७७**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

उपचारात्मक सेवा महाशाखा, टेकु

निर्देशक
उपचारात्मक सेवा महाशाखा

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य सेवा विभाग

☎ ४२६१७१२
फ्याक्स : ४२६१४१३

पचली, टेकु
काठमाण्डौ, नेपाल

पत्र संख्या :
चलानी नं. :

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु काठमाडौं



## मन्तब्य

अस्पतालको लागि न्युनतम सेवा मापदण्ड सन् २०१४ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अस्पताल व्यवस्थापन सुधार कार्य अन्तर्गत शुरू गरिएको थियो । सोहि कार्यक्रमको सिकाईको आधारमा हाल ७५३ वटै स्थानीय तहका स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड कार्यान्वयन गर्ने तर्फ अग्रसर भएका छौ । यसै क्रममा, समुदायमा पहिलो स्वास्थ्य सेवा प्रदान गर्ने संस्था, स्वास्थ्य चौकी रहेको आधारमा स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड लागु गरि सेवा ग्राहीहरुले गुणस्तर सेवा पाउने अधिकार सुनिस्चित गर्ने जमर्को गरिएको छ ।

यसै परिप्रेक्षमा स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS) कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहमा स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयनको लागि तिनै तहमा अभिमुखिकरण गरि सहजकर्ता/श्रोत व्यक्तिहरुको क्षमता विकास गर्न यो मार्गदर्शन तयार गरिएको छ । मैले स्वास्थ्य चौकीको लागि न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गर्न, यस अभिमुखिकरण मार्गदर्शनले स्वास्थ्य चौकीले प्रदान गर्ने गुणस्तरीय स्वास्थ्य सेवाको पूर्ण तयारीको लागि महत्वपूर्ण दस्ताबेज साबित हुने विश्वास लिएको छु।

यो मार्गदर्शन तयार गर्न प्रमुख भुमिका निर्वाह गर्नु हुने उपचारात्मक सेवा महाशाखाको म प्रशंसा गर्दछु । यस महत्वपूर्ण कार्यमा सहयोग गर्नु हुने साझेदार संस्थाहरु सहित स्वास्थ्य सेवा विभाग स्तरीय स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्डको प्राविधिक कार्यसमूहका सम्पुर्ण सदस्यहरु प्रति आभार व्यक्त गर्दछु । यस मार्गदर्शनको तयारीको लागि उपचारात्मक सेवा महाशाखालाई प्रत्यक्ष रुपमा सहयोग गर्ने नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (DFID-NHSSP) प्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । यस कार्यक्रमको सफल कार्यान्वयनका लागि निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

.............................................

डा . रोशन पोखरेल
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

☎ ४२६१७१२
फ्याक्स : ४२६१४१३

पत्र संख्या :
चलानी नं. :

पचली, टेकु
काठमाण्डौ, नेपाल




## भूमिका

राष्ट्रिय स्वास्थ्य नीति २०७६, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०१५-२०२० र जन स्वास्थ्य सेवा ऐन २०७५ ले गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा विशेष जोड दिएका छन् । नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०१५-२०२० को कार्यान्वियन योजनामा OP2.2 मा स्वास्थ्य सेवाको गुणस्तर सुधार प्रणाली सुदृढीकरण गर्ने विषयमा प्रत्येक तहका स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधार गर्न क्षमता विकास गर्ने विषयलाई जोड दिईएको छ । उक्त रणनीति अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवाको उपलब्धता तथा गुणस्तर सुधारका लागि स्वास्थ्य क्षेत्रको गुणस्तर मापन गर्ने टूलहरुको विकास र प्रयोग गर्ने क्रममा स्थानिय तह अन्तर्गत पर्ने स्वास्थ्य संस्थाहरु बाट प्रदान गरिने सेवाको तयारीको लागि स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड ,यसै आ.व . २०७६/२०७७ बाट ७५३ वटै स्थानीय तहहरुमा लागु गरिने छ । प्रदेश र स्थानीय तहहरुमा स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड (HP MSS) कार्यान्वयन गर्न सहजीकरण गर्ने सहजकर्ता/श्रोत व्यक्तिहरुको अभिमुखिकरण गर्न, यो मार्गदर्शन तयार गरीएको छ ।

यस मार्गदर्शनले संघ, प्रदेश र स्थानीय तहका सहजकर्ताहरुलाई सहज तरिकाले कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्नेछ र स्वास्थ्य चौकीहरुको व्यवस्थापनमा सुधार आउनुका साथै त्यहाबाट प्रवाह हुने सेवाको गुणस्तरमा वृद्धि हुने विश्वास गरिएको छ । यस मार्गदर्शन अनुसार तिनै तहका सहजकर्ताहरुले स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड कार्यान्वयन प्रकृया सहजीकरण गरि कार्यक्रम सफल बनाउन प्रमुख भूमिका निर्वाह गर्नु हुनेछ भन्ने अपेक्षा गर्दछु । यो मार्गदर्शन तयार गर्नका लागि प्रमुख भूमिका निर्वाह गर्नु हुने उपचारात्मक सेवा महाशाखा अन्तर्गत आधारभूत तथा आकस्मिक सेवा व्यवस्थापन शाखा र यस महत्वपूर्ण कार्यमा सहयोग गर्नु हुने सम्पुर्ण प्राविधिक कार्य समूहका सदस्यहरु तथा प्राविधिक सहयोग उपलब्ध गराउने नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (DFID-NHSSP) लाई विशेष धन्यबाद दिन चाहन्छु । अन्त्यमा यो मार्गदर्शनको सफल प्रयोगका लागि हार्दिक शुभेच्छा प्रकट गर्दछु ।

..............................
डा. तारानाथ पोख्रेल
निर्देशक
उपचारात्मक सेवा महाशाखा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**

☎ ४२६१७१२
फ्याक्स : ४२६१४१३

पचली, टेकु
काठमाण्डौ, नेपाल

पत्र संख्या :
चलानी नं. :



## आभार

गुणस्तरीय सेवा प्रदान गर्न समुदाय स्तरमा सबै भन्दा पहिलो भूमिका खेल्ने आधारभूत स्वास्थ्य सँस्थानै स्वास्थ्य चौकी हुने हुनाले, स्वास्थ्य सेवा देशभरका स्वास्थ्य चौकीहरुबाट यसै आ.व.२०७६/२०७७ बाट गुणस्तरीय आधारभूत सेवा प्रदान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागले प्रदेश तहमा सामाजिक विकास मन्त्रालय अन्तर्गतका स्वास्थ्य महाशाखा तथा स्वास्थ्य निर्देशनालय संगको समन्वयमा स्वास्थ्य चौकी स्तरीय न्युनतम सेवा मापदण्ड ) HP MSS (को कार्यन्वयन गर्न प्रदेश र स्थानीय तहका सहजकर्ताहरुको क्षमता विकास गर्नु अपरिहार्य छ ।

सम्पुर्ण प्रदेश र स्थानीय तहका सहजकर्ताहरुलाई अभिमुखिकरण गरि कार्यन्वयनमा जानुपर्ने भएकोले स्वास्थ्य सेवा विभाग, उपचारात्मक सेवा महाशाखाको आधारभूत तथा आकस्मिक सेवा व्यवस्थापन शाखाले कार्यन्वयनको जिम्मेवार बहन गर्ने प्रमुख भूमिका निर्वाह गर्न पाएकोमा हर्षित हुदै यो स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS) कार्यान्वयन अभिमुखिकरण मार्गदर्शन तयार गरेका छौ ।

यो मार्गदर्शनले संघ, प्रदेश र सबै स्थानीय तहका सहजकर्ताहरुलाई स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS) को कार्यान्वयनमा सहजीकरण गरि स्वास्थ्य चौकीहरुको व्यवस्थापनमा सुधार ल्याउनुका साथै त्यहाँबाट प्रवाह हुने सेवाको गुणस्तरमा पनि सुधार आउने विश्वास लिएको छु । यो मार्गदर्शन तयार गर्नका लागि योगदान पुर्याउनु हुने प्राविधिक कार्य समुहका सम्पुर्ण सदस्यहरुलाई विशेष धन्यबाद दिन चाहन्छु । अन्त्यमा स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS) को सफलतापुर्वक कार्यान्वयन गर्न यस मार्गदर्शनको सफल प्रयोग हुने छ भन्ने विश्वास लिएको छु ।

...........................................

**डा. पोमावती थापा**
**शाखा प्रमुख**
**आधारभूत तथा आकस्मिक सेवा व्यवस्थापन शाखा**
**उपचारात्मक सेवा महाशाखा**

# विषयसूची


१ पृष्ठभूमि........................................................................................................................1

२. अभिमुखिकरण मार्गदर्शनको सामान्य उद्देश्य ..................................................................2

३. स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयनको लागि गरिने अभिमुखिकरण प्रक्रियामा संघिय तह (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय /स्वास्थ्य सेवा विभाग/उपचारात्मक सेवा महाशाखाको) भूमिका .........................................2

३.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा संघिय तहमा गरिने १/२ दिने अभिमुखिकरण कार्यक्रमको कार्यतालिका ........................................................................................................2

३.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा संघिय तहमा तयार गरिने दस्तावेजहरुको सूची : ........................................................................................................4

३.३ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा संघिय तहमा गरिने १/२ दिने अभिमुखिकरण कार्यक्रमको प्रकृया ........................................................................................................4

३.४ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा गरिने २ दिने अभिमुखिकरण गोष्ठीको कार्यतालिका ........................................................................................................5

३.४.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा उपलब्ध गराउनुपर्ने दस्तावेजहरुको सूची........................................................................................................7

३.४.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा गरिने २ दिने अभिमुखिकरण कार्यक्रमको प्रकृया ........................................................................................................8

४ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन अभिमुखिकरण प्रकृयामा प्रदेश तहमा सामाजिक विकास मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालयको भूमिका........................................................................................9

४.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा सामाजिक विकास मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य कार्यालयले संचालन गर्ने ३ दिने अभिमुखिकरण गोष्ठीको कार्यतालिका ................9

४.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा सामाजिक विकास मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य कार्यालयले प्रत्येक स्थानीय तहलाई उपलब्ध गराउने दस्तावेजहरुको सूची ......................12

४.३ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा सामाजिक विकास मन्त्रालय/ प्रदेश स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य कार्यालयले संचालन गर्ने ३ दिने अभिमुखीकरण कार्यक्रमको प्रकृया ....................13

५ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन अभिमुखिकरण प्रक्रियामा स्थानीय तहको भूमिका.................13

५.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा स्थानीय तहले संचालन गर्नुपर्ने १/२ दिने अभिमुखिकरण कार्यक्रमको कार्यतालिका ........................................................................................14

५.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रत्येक स्थानीय तहहरुले स्वास्थ्य संस्थालाई उपलब्ध गराउने दस्तावेजहरुको सूची ........ 15

५.३ HP MSS कार्यन्वयन प्रक्रियामा स्थानीय तह (गाउपालिका/नगरपालिका/ उप-महानगरपालिका / महानगरपालिका) ले संचालन गर्नुपर्ने १/२ दिने अभिमुखिकरण कार्यक्रमको प्रकृया ........ 16

६. स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा स्वास्थ्य चौकीको भूमिका ........ 16

६.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृया संचालन गर्न स्वास्थ्य संस्थामा गरिने पहिलो २ दिने कार्यक्रम (अभिमुखिकरण र संयुक्त मुल्यांकन) कार्यतालिका ........ 17

६.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रत्येक स्वास्थ्य संस्थाले प्रयोग गर्ने दस्तावेजहरुको सूची: ........ 19

६.३ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा स्वास्थ्य चौकीको २ दिने संयुक्त मुल्यांकन र अभिमुखिकरण कार्यक्रमको प्रकृया ........ 19

६.४ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा स्वास्थ्य चौकीको प्रत्येक ६/६ महिनामा संयुक्त मुल्यांकन कार्यक्रमको प्रकृया ........ 20

६.५ न्यूनतम सेवा मापदण्ड कार्यान्वियनका लागि स्वास्थ्य चौकीमा अपनाउने कार्यविधि ........ 21

७. अभिलेख, प्रतिवेदन तथा योजना तर्जुमा ........ 22

**अनूसुचीहरू** ........ 22

अनुसूची १: स्वास्थ्य सेवा विभाग स्तरीय गुणस्तर सुधार प्राबिधिक कार्य समूह (Technical Working Group). 22

अनुसूची २ : प्रदेश तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति ... 23

अनुसूची ३ : स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति ........ 24

अनुसूची ४. स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति ........ 24

अनुसूची ५: कार्ययोजनाको नमुना फारम ........ 25

अनुसूची ६:प्रतिबेदनको नमुना ........ 26

अनुसूची ७: स्वास्थ्य चौकीका लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर कार्ड ........ 27

अनुसूची ८: स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेबसाईट मा upload गरिएका दस्तावेजहरु बारे मुख्य जानकारी ... 29

परिशिस्ट १: यो मार्गदर्शन तयार गर्न योगदान दिनुहुने प्राबिधिक कार्यसमुहका सदश्यहरु तथा पुनरावलोकनकर्ता र योगदानकर्ताहरुका नामावली ........ 29

## १ पृष्ठभूमि

प्रत्येक नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकारलाई सुनिस्चित गर्ने प्रक्रियामा गुणस्तरिय  स्वास्थ्य सेवा सम्बन्धि, गुणस्तर नीति “Policy on Quality Assurance in Health Care Services 2064” अनुसार गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने नेपाल सरकारको प्रमुख दायित्व भएकोले प्रत्येक स्वास्थ्य संस्थाहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको न्युनतम सेवा मापदण्डको कार्यान्वियन अपरिहार्य भएको छ । उच्चतम गुणस्तरीय स्वास्थ्य सेवाको सुनिस्चितता बिना कुनै अपेक्षित नतिजा प्राप्त गर्न सकिदैन । स्वास्थ्य क्षेत्रका नीति, रणनीति तथा आवधिक कार्यक्रमहरुमा स्वास्थ्य सेवाको गुणस्तर सुनिस्चितताालाई विशेष प्राथमिकता दिईएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७१ साल देखि अस्पतालहरुको व्यवस्थापन सुदृढीकरण मार्फत स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि न्यूनतम सेवा मापदण्डको अवधारणा शुरुवात गरको हो । हाल सम्म पहिलेका जिल्ला तथा जिल्लास्तरका ८३ अस्पतालहरुमा न्यूनतम सेवा मापदण्ड सफलतापूर्वक लागू भइसकेको छ ।

स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा प्राथमिक अस्पतालहरुद्वारा  गुणस्तरिय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न तहका अस्पतालहरु सहित स्वास्थ्य चौकीको लागि समेत न्यूनतम सेवा मापदण्ड तयार गरेको छ । स्वास्थ्य चौकीको निर्धारित न्यूनतम सेवा मापदण्डले आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि अवश्यक तयारी गरी सेवाको उपलब्धतालाई सुनिश्चित गर्दछ । चालु आर्थिक बर्ष २०७६/२०७७ मा पहिलो पटक स्वास्थ्य सेवा विभाग,उपचारात्मक सेवा महाशाखाले स्वास्थ्य चौकीहरुबाट गुणस्तरिय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन ७५३ वटै स्थानीय तहहरुमा स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको कार्यान्वियन गर्न, सबै प्रदेशहरुका सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहका सहजकर्ताहरुलाई कार्यन्वयन प्रक्रियामा अभिमुखिकरणको लागि बजेट विनियोजन गरेको छ ।

सबै स्वास्थ्य चौकीहरुबाट गुणस्तरिय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम सेवा मापदण्ड  (Minimum Service Standard) कार्यन्वयन गर्नका लागि केन्द्रीय स्तरमा उपचारात्मक सेवा महाशाखाले केन्द्रीय तथा प्रदेश स्तरीय मुख्य सहजकर्ताहरुलाई अभिमुखिकरण गर्ने, मुख्य सहजकर्ताहरूले प्रदेश स्तरमा जिल्ला तह र स्थानीय तहका सहजकर्ताहरूलाई अभिमुखिकरण गर्ने र सो प्रक्रिया सम्पन्न गरिसकेपछि मात्र स्थानीय तहका सहजकर्ताहरूले आआफ्नो पालिकामा अभिमुखिकरणका साथै कार्यान्वयन प्रक्रिया सम्पन्न गर्नुपर्ने हुन्छ ।

## २. अभिमुखिकरण मार्गदर्शनको सामान्य उद्देश्य

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य चौकी स्तरको न्युनतम सेवा मापदण्ड (HP MSS) कार्यन्वयन प्रक्रिया सहजीकरणको लागि मार्गदर्शन उपलब्ध गराउने। मार्गदर्शन अनुसार सहजीकरण गरि सहजकर्ताहरू तयार गर्न सहयोग गरि स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन गराउने।

## ३. स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयनको लागि गरिने अभिमुखिकरण प्रक्रियामा संघिय तह (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय /स्वास्थ्य सेवा विभाग/उपचारात्मक सेवा महाशाखाको) भूमिका

गुणस्तर सम्बन्धि निम्न कार्यहरु सम्पन्न गर्न उपचारात्मक सेवा महाशाखाका निर्देशकको संयोजकत्वमा, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन शाखाका शाखा प्रमुख सदस्य सचिव रहने गरि स्वास्थ्य सेवा विभाग स्तरीय प्राविधिक कार्य समूह (Technical Working Group) गठन गरिएको छ। प्राविधिक कार्य समूहको संरचना अनुसूची १ मा उल्लेख छ, यहि समुहले निम्न कार्यहरु गर्नेछ ।

- स्वास्थ्य चौकीहरुद्वारा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, उपचारात्मक सेवा महाशाखाले प्रदेश सामाजिक विकस मन्त्रालयसंगको समन्वयमा स्वास्थ्य चौकी स्तरको न्युनतम सेवा मापदण्ड (HP MSS) कार्यन्वयन गर्न बजेटको सुनिस्चितता गर्ने।
- प्रभावकारी कार्यन्वयनको लागि केन्द्र र प्रदेश स्तरका मुख्य सम्भावित सहजकर्ताहरूको छनौट गर्ने, निमन्त्रणा गर्ने, अभिमुखिकरण कार्यक्रम संचालन गर्न तयारी गर्ने।
- प्रदेश तहमा सहजकर्ताहरु तयार गर्न अभिमुखिकरण गर्ने।
- प्रदेश तहका सहजकर्ताहरुले स्थानीय तहका सहजकर्ताहरुलाई अभिमुखिकरण गर्न प्राविधिक सहयोग गर्ने।
- अभिमुखिकरण, कार्यक्रमको कार्यान्वयन, समिक्षा तथा अनुगमन र मुल्यांकन गर्नुका साथै आवश्यक मार्गदर्शन, टूल, फारम आदिको व्यवस्था मिलाउने।

### ३.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा संघिय तहमा गरिने १/२ दिने अभिमुखिकरण कार्यक्रमको कार्यतालिका

**अभिमुखिकरणको उद्देश्य:** स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS Tool) सम्बन्धि, संघिय तहमा नीति निर्माण तथा कार्यक्रमको योजना गर्ने संघीय तहमा रहेका व्यक्तिहरुका साथै सहयोगी संस्थाहरुलाई अभिमुखिकरण र कार्यक्रम कार्यन्वयनमा सहयोग गर्ने वातावरण सिर्जना गर्ने।

| | | | |
|---|---|---|---|
| **अभिमुखिरण कार्यक्रमका सहभागीहरु:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग अन्तर्गतका महाशाखाका प्रमुखहरु (२०-२५ जना), सहयोगी संस्थाहरु (NHSSP, WHO, UNICEF, SSBH, NSI, CARE Nepal, OHW आदिका प्रतिनिधिहरु (८-१० जना) I | | | |
| **कार्यक्रम संचालन गर्ने स्थान र मिति:** कार्यक्रम संचालन गर्ने स्थान र मिति निश्चित गरेपछि मात्र सहभागीहरुलाई आमन्त्रण गर्ने I | | | |
| समय | विषयवस्तु | प्रक्रिया | सामग्री |
| १० - १०: ३० | सहभागी दर्ता, परिचय, उद्देश्य, कार्यक्रम उत्घाटन | सहजीकरण | माइनुट बुक, हाजिरी रजिस्टर चाहिने सामाग्रीहरु |
| १०:३० - ११:१५ | MSS tool को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी | प्रस्तुतीकरण | तयारी PPP, Laptop, LCD projector |
| ११:१५ - ११:४५ | खाजा | | |
| ११:४५ - १२:४५ | HP MSS Tool को परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरु | प्रस्तुतीकरण | तयारी PPP, इलेक्ट्रोनिक कपि HP MSS Tool |
| १२:४५ - १:३० | HP MSS कार्यन्वयनको लागि बजेट विनियोजन, कार्यन्वयन अभिमुखिकरण मार्गदर्शन बारे जानकारी साथै कार्यन्वयन सम्बन्धि सहयोगी संस्थाहरुको सहयोग | प्रस्तुतीकरण छलफल | तयारी PPP, HP MSS अभिमुखिकरण मार्गदर्शन |
| १:३० - २:३० | कार्यक्रम समापन र चिया/खाजा | | |

३.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा संघिय तह्मा तयार गरिने दस्तावेजह्रुको सूची :

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन गर्ने प्रकृयामा, प्रदेश, स्थानीय तह र स्वास्थ्य संस्थाहरुमा अभिमुखिकरण र कार्यान्वियन गर्नका लागि चाहिने सम्पुर्ण दस्तावेजहरु तयारि अवस्थामा राख्ने I यसको सूची निम्न अनुसार छ:

- प्रदेश, स्थानीय तह अन्तर्गतका जम्मा स्वास्थ्य चौकीहरुको संख्या अनुसार १/१ वटाको दरले पुग्ने गरि HP MSS Tool प्रिन्ट कपि I
- प्रदेशलाई स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड अभिमुखिकरण मार्गदर्शनको इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले आआफ्नो स्थानीय तहमा चाहिने मार्गदर्शन आफैले प्रिन्ट गर्नुपर्नेछ) I
- स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड मुल्यांकन sheetको इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले एउटा स्वास्थ्य चौकीको लागि १ वटा पुग्ने गरि आफैले प्रिन्ट गर्नुपर्नेछ) I
- स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोर्डिंग स्कोर कार्ड फ्लेक्स तयार गरि इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले एउटा स्वास्थ्य चौकीको लागि १ वटा पुग्ने गरि आफैले प्रिन्ट गर्नुपर्नेछ) I
- स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा प्रतिवेदन फारम I
- नेपालमा MSS tool को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी (तयारी PPP) I
- HP MSS Tool को परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरुर मुल्यांकन विधि बारे छलफल (तयारी PPP) I

३.३ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा संघिय तहमा गरिने १/२ दिने अभिमुखिकरण कार्यक्रमको प्रकृया

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,स्वास्थ्य सेवा विभाग, उपचारात्मक सेवा महाशाखाले स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन बारे १/२ दिने अभिमुखिरण गोष्ठी संचालन गर्ने I गोष्ठीमा उपचारात्मक सेवा महाशाखाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका महाशाखा प्रमुखहरु र मुख्य सहयोगी संस्थाका प्रतिनिधिहरुलाई

निमन्त्रणा गरि न्युनतम सेवा मापदण्ड कार्यान्वियन को कार्यन्वयन प्रक्रियामा उपचारात्मक महाशाखाले खेलेको भूमिका, स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड मुल्यांकनको महत्व, यसले गुणस्तर आधारभूत सेवा प्रदान गर्न स्वास्थ्य चौकीलाई तयारी अवस्थामा राख्नुपर्ने आवश्यकता आदि बारे प्रकाश पार्ने । उक्त गोष्ठीमा सहभागीहरु लाई HP MSS Tool को प्रयोग गरि स्वास्थ्य चौकी सम्म कसरि कार्यन्वयनमा जाने भन्ने प्रक्रियाबारे जानकारी गराउने ।

यसरी जानकारी गराउदा यसै "स्वास्थ्य चौकीको  न्युनतम सेवा मापदण्ड कार्यान्वियन अभिमुखिकरण मार्गदर्शन" मा उल्लेख गरिएका प्रक्रियाहरुको आधारमा गराउने । उपचारात्मक सेवा महाशाखाले पहिलो पटक चालु आर्थिक बर्षमा (२०७६/२०७७) स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड लागु गर्न गईरहेको हुनाले सहयोगी संस्थाहरुलाई निश्चित श्रोत व्यक्तिहरु उपलब्ध गराई प्रदेश, जिल्ला स्थित स्वास्थ्य कार्यालय, र स्थानीय तहमा समेत अभिमुखीकरण गर्न सहजीकरण गरिदिन आग्रह गर्ने र लिखित/मौखिक प्रतिबद्‌ताको सुनिस्चितता गर्ने । अभिमुखिकरण गोष्ठीमा व्यवस्थापन पक्षको जानकारी संगै सल्लाह र सुझावहरु संकलन गरि अभिमुखिकरण मार्गदर्शनलाई अन्तिम रुप दिने ।

## ३.४ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा गरिने  २ दिने अभिमुखिकरण गोष्ठीको कार्यतालिका

**अभिमुखिकरणको उद्देश्य:** स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वियन सम्बन्धि, प्रदेश तहमा नीति निर्माण, कार्यक्रम योजना तथा कार्यान्वियन गर्ने तहमा रहेका व्यक्तिहरुका साथै सहयोगी संस्थाहरुलाई अभिमुखिकरण गर्ने र कार्यक्रम कार्यान्वियन गर्न प्रदेश तहका श्रोत व्यक्ति /सहजकर्ताहरू निर्माण गर्ने ।

**अभिमुखिकरण कार्यक्रमका सहभागीहरु:** प्रत्येक प्रदेशका कुनै २ जिल्ला स्थित स्वास्थ्य कार्यालयबाट १/१  जना गरि २ जना फोकल व्यक्ति(प.हे.न.), सामाजिक विकास मन्त्रालयबाट प्रमुख र गुणस्तर सम्बन्धि कार्यक्रम हेर्ने फोकल व्यक्ति गरि २ जना, प्रदेश स्वास्थ्य निर्देशनालयबाट प्रमुख र गुणस्तर सम्बन्धि कार्यक्रम हेर्ने फोकल व्यक्ति गरि २ जना, प्रत्येक प्रदेशका कुनै २ प्रादेशिक अस्पतालबाट २ जना, प्रदेश स्थित सहयोगी संस्थाहरुबाट आवश्यकता अनुसार ।

**कार्यक्रम संचालन गर्ने स्थान र मिति:**

अभिमुखिकरण कार्यक्रम संचालन गर्ने स्थान र मिति निश्चित गरेपछि मात्र सहभागीहरुलाई आमन्त्रण गरिनेछ । संघले ७ वटै प्रदेशका सहभागीहरुलाई अभिमुखिकरण गर्दा संख्या हेरी २ – ३ ब्याचमा गर्न सकिन्छ ।

| समय | विषयवस्तु (पहिलो दिन) | प्रकृया | सामग्री |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | सहभागी दर्ता, परिचय, उद्देश्य, कार्यक्रम उद्घाटन (Secretary-MoHP, DG-DoHS, Director-CSD, QSRD-MoHP) | सहजीकरण | माइनुट बुक, हाजिरी रजिस्टर आदि |
| | MSS को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी (Overview of MSS) | प्रस्तुतीकरण | तयारी PPP, Laptop, LCD projector |
| | HP MSS को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूलनिर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी (Overview of HP MSS) | प्रस्तुतीकरण | |
| | चिया ब्रेक | | |
| | HP MSS कार्यन्वयनको लागि बजेट विनियोजन, कार्यन्वयन अभिमुखिकरण मार्गदर्शन बारे जानकारी (Overview of HP MSS Implementation Orientation Guideline) | प्रस्तुतीकरण | HP MSS कार्यन्वयन अभिमुखिकरण मार्गदर्शन |
| | चिया/खाजा ब्रेक | | |
| | Major Sections of HP MSS Tool (परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरुर मुल्यांकन विधि (समूह कार्य- छलफल) | छलफल | HP MSS Tool प्रिन्ट कपि, स्कोर कार्ड फ्लेक्स, पर्मानेन्ट मार्कर-३ कलरको |
| | पहिलो दिनको समापन | | कुनै नबुझेको बिषय भए छलफल गर्ने |

| | विषयवस्तु (दोश्रो दिन) | प्रकृया | सामग्री |
|---|---|---|---|
| | पहिलो दिनको कार्यक्रम पुनरावलोकन | प्रस्तुतीकरण | ३ समुहको मुल्यांकन कपि |
| | HP MSS मूल्यांकनको स्कोर समायोजन र विश्लेषण अभ्यास गर्ने। | प्रस्तुतीकरण अभ्यास | ३ वटै समुहमा १/१ वटा कपिमा स्कोर पुरा भर्ने |
| | प्रतिवेदन तयार गर्ने, कार्य योजना बनाउने र अभ्यास | सहजीकरण | प्रतिवेदन फारम, कार्य योजना फारम |
| | HP MSS स्कोर कार्ड भर्ने अभ्यास समुहमा | सहजीकरण | स्कोर कार्ड फ्लेक्स |
| | विश्राम | | |
| | कार्यक्रम समापन | सहजीकरण | |

### ३.४.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा उपलब्ध गराउनुपर्ने दस्तावेजहरुको सूची

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेशले स्थानीय तहका स्वास्थ्य शाखाहरु बाट प्रतिनिधि आमन्त्रण गरि ३ दिने अभिमुखिकरण गोष्ठी संचालन गर्दा चाहिने सम्पुर्ण दस्तावेजहरु उपचारात्मक सेवा महाशाखाले उपलब्ध गराउने। यसको सूची निम्न अनुसार छ :

१. प्रत्येक स्थानिय तहका जम्मा स्वास्थ्य चौकीको संख्या अनुसार १/१ वटाको दरले पुग्ने गरि HP MSS Tool प्रिन्ट कपि।

२. प्रदेशलाई स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड अभिमुखिकरण मार्गदर्शनको इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले आआफ्नो स्थानीय तहमा चाहिने मार्गदर्शन आफैले प्रिन्ट गर्नुपर्नेछ)।

३. HP MSS मुल्यांकन sheetको इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले एउटा स्वास्थ्य चौकीको लागि १ वटा पुग्ने गरि आफैले प्रिन्ट गर्नु पर्नेछ)।

४. स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोर्डिंग स्कोर कार्डको  फ्लेक्स तयार गर्न इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले एउटा स्वास्थ्य चौकी को लागि १ वटा पुग्ने गरि आफैले प्रिन्ट गर्नु पर्नेछ)।
५. स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा गरिने प्रतिवेदन फारम।
६. MSS tool को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी (तयारी PPP)।
७. HP MSS को परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरुर मुल्यांकन विधि बारे छलफल (तयारी PPP)।

३.४.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा गरिने २ दिने अभिमुखिकरण कार्यक्रमको प्रकृया

स्वास्थ्य सेवा विभाग, उपचारात्मक सेवा महाशाखाले प्रदेश सामाजिक विकास मन्त्रालयसंगको समन्वयमा, सातै प्रदेशका सहभागीहरुलाई पायक पर्ने प्रदेशमा संख्याको आधारमा समूह बनाई कम्ति मा २-३ ब्याच हुने गरि अभिमुखिकरण गरिनेछ। सहभागीहरु प्रत्येक प्रदेशका कुनै २ जिल्ला स्थित स्वास्थ्य कार्यालयबाट १/१  जना गरि २ जना फोकल व्यक्ति (प.हे.न.), सामाजिक विकास मन्त्रालयबाट प्रमुख र गुणस्तर सम्बन्धि कार्यक्रम हेर्ने फोकल व्यक्ति गरि २ जना, प्रदेश स्वास्थ्य निर्देशनालयबाट प्रमुख र गुणस्तर सम्बन्धि कार्यक्रम हेर्ने फोकल व्यक्ति गरि २ जना, प्रत्येक प्रदेशका कुनै २ प्रादेशिक अस्पतालबाट १/१ जना गरि २ जना, प्रदेश स्थित सहयोगी संस्थाहरुबाट आवश्यकता अनुसार आमन्त्रण गरि २ दिनको प्रदेश स्तरीय श्रोत व्यक्तिहरुको लागि अभिमुखिकरण गोष्ठी संचालन गरिने छ। त्यसपछि २ दिने अभिमुखिकरण गोष्ठीका सहभागीहरु सबैजना स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियाको लागि प्रदेश तहका सहजकर्ता/श्रोत व्यक्तिको रुपमा तयार भएको हुनेछ।

मुख्य गरि २ दिन मध्ये, पहिलो दिनमा सैद्दान्तिक, बिषयगत छलफल, र HP MSS Tool प्रयोग गर्ने विधिको अभ्यास गराउने, दोश्रो दिनमा assessment को आधारमा स्कोरिंग गर्ने, समस्या पहिचान  गर्ने र यसको आधारमा कार्ययोजना (action plan) बनाउने, स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोर्डिंग स्कोर कार्ड भर्न लगाउने जस्ता अभ्यास गराईनेछ। यसको नमुना अनुसूची ७ मा दिइएको छ। स्थानिय तह / स्वास्थ्य चौकीले MSS मुल्यांकन गरिसकेपछि सम्बन्धित स्थानिय तह / प्रदेशमा  प्रतिवेदन गर्नुपर्ने हुनाले प्रतिवेदनको फारम भर्ने तरिकाको पनि अभ्यास गराउने। यसको नमुना अनुसूची ६ मा दिईएको छ।

## ४ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन अभिमुखिकरण प्रकृयामा प्रदेश तहमा  सामाजिक विकास मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालयको भूमिका

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन अभिमुखिकरण सम्बन्धि निम्न कार्यहरु प्रदेश तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढीकरण समितिले गर्नेछ। प्रादेशिक समितिको संरचना अनुसुची २ मा हेर्न सकिन्छ।

- संघिय तहमा, संघ र प्रदेश स्तरका मुख्य सहजकर्ताहरुको लागी अभिमुखिकरण कार्यक्रम सम्पन्न भैसकेपछि ति सबै सहजकर्ताहरु नै श्रोत व्यक्तिको रुपमा रहनेछन्।
- प्रदेशले स्थानीय तहका सहभागीहरुलाई अभिमुखिकरण गरि स्थानीय तहका सहजकर्ताहरू विकास गर्न, संघमा उपचारात्मक सेवा महाशाखा (CSD) संगको समन्वयमा प्रदेश र संघमा उपलब्ध सहजकर्ताहरु/श्रोत व्यक्तिहरुको परिचालन गर्नुपर्नेछ।
- प्रदेश तहमा अभिमुखिकरण कार्यक्रम संचालन गर्न, स्थानीय तहहरुबाट सम्भावित सहजकर्ताहरूको छनौट गर्ने। छनौट गर्दा, यसै मार्गदर्शनमा उल्लेख गरिएको सम्भावित सहजकर्ताहरूको सूचीमा  उल्लेख भए अनुसार नै गर्ने।
- प्रदेश तहमा अभिमुखिकरण गर्दा ३ दिने कार्यतालिकामा रही अभिमुखिकरण संचालन गर्नु पर्नेछ।
- स्वास्थ्य चौकीको स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम अभिमुखिकरण, कार्यक्रमको कार्यान्वयन, समिक्षा तथा अनुगमन र मुल्यांकन गर्ने र आवश्यक मार्गदर्शन दिने।
- आआफ्नो प्रदेश अन्तर्गत, स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड कार्यान्वयन प्रक्रियामा समावेश  भईसकेका र विकास गरिएका सहजकर्ता/श्रोत व्यक्तिहरुको नामावली दुरुस्त राख्ने र स्थानीय तहहरुमा प्राविधिक सहयोग गर्नुपरेमा उपलब्ध गराउने।

### ४.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा सामाजिक विकास मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय  वा स्वास्थ्य कार्यालयले संचालन गर्ने ३ दिने अभिमुखिकरण गोष्ठीको कार्यतालिका

**अभिमुखिकरणको उद्देश्य:** स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS Tool) कार्यन्वयन सम्बन्धि, कार्यक्रम कार्यन्वयन गर्ने स्थानीय तहमा रहेका व्यक्तित्वहरुलाई अभिमुखिकरण र कार्यक्रम कार्यन्वयन गर्न स्थानीय तहका श्रोत व्यक्ति/सहजकर्ताहरू निर्माण गर्ने।

| |
|---|
| **अभिमुखिकरण कार्यक्रमका सहभागीहरु:** प्रदेश भित्रका प्रत्येक स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र शाखाका गुणस्तर सम्बन्धि कार्यक्रम हेर्ने फोकल व्यक्ति १/१ जना गरि प्रत्येक स्थानीय तहबाट २ जना आमन्त्रण गर्ने। एक पटकमा बढीमा ३५-४० जना सम्म सहभागी रहने गरि कार्यक्रम संचालन गर्न सकिन्छ। फिल्ड अभ्यासको लागि कार्यक्रम गर्ने स्थानको नजिकैको स्वास्थ्य चौकीको ईन्चार्ज १ जना समावेश गर्ने। |
| **कार्यक्रम संचालन गर्ने स्थान र मिति:**<br>अभिमुखिकरण कार्यक्रम संचालन गर्ने स्थान र मिति निश्चित गरेपछि मात्र सहभागीहरु आमन्त्रण गर्ने। दोश्रो दिनको HP MSS मुल्यांकन गर्न फिल्ड अभ्यासको लागि कार्यक्रम स्थानको नजिकैको एउटा स्वास्थ्य चौकी सुरुमै छनौट गर्ने। |

| समय | विषयवस्तु (पहिलो दिन) | प्रक्रिया | सामग्री |
|---|---|---|---|
| १० - १०: ३० | सहभागी दर्ता, परिचय, उद्देश्य, कार्यक्रम उद्धाटन (प्रदेश सामाजिक विकस मन्त्रालयका मन्त्रि र सचिवबाट उद्धाटन गर्ने) | सहजीकरण | माइनुट बुक, हाजिरी रजिस्टर आदि |
| १०:३० - ११:३० | न्युनतम सेवा मापदण्डको परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी | प्रस्तुतीकरण | तयारी PPP, Laptop, LCD projector |
| ११:३० - १२:०० | विश्राम | | |
| १२:०० - १:०० | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयनको लागि बजेट विनियोजन, कार्यन्वयन अभिमुखिकरण मार्गदर्शन बारे जानकारी साथै कार्यन्वयन सम्बन्धि सहयोगी संस्थाहरुको सहयोग | प्रस्तुतीकरण | HP MSS कार्यन्वयन अभिमुखिकरण मार्गदर्शन |
| १:०० - २:०० | चिया/खाजा ब्रेक | | |
| २:०० -३:०० | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्डको परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरुर मुल्यांकन विधि बारे छलफल। | छलफल | तयारी PPP, HP MSS tool प्रिन्ट कपि |

| | | | |
|---|---|---|---|
| ३.०० - ४:३० | HP MSS Tool को प्रयोग गरि मुल्यांकन गर्ने विधि बारे छलफल साथै स्कोर विश्लेषण गर्ने, स्कोर कार्ड भर्ने, प्रतिवेदन गर्ने बारे छलफल | सहजीकरण | HP MSS Tool प्रिन्ट कपि, स्कोर कार्ड फ्लेक्स, पर्मानेन्ट मार्कर३ कलरको |
| ४:३० - ५:०० | दोश्रो दिनको फिल्ड अभ्यास बारे तयारी, छलफल र समापन | | कुनै नबुझेको बिषय भए छलफल गर्ने |
| समय | विषयवस्तु (दोश्रो दिन) | प्रक्रिया | सामग्री |
| १० - १०: ३० | पहिलो दिनको कार्यक्रम पुनरावलोकन र फिल्ड अभ्यास बारे छलफल | सहजीकरण | ३ समूह बनाउने |
| १०:३० - ११:१५ | HP visit गर्ने (यात्रा) | सहजीकरण | छनौट भएको HP मा |
| ११:१५ - १:१५ | HP MSS tool को मुख्य ३ विषयवस्तु अनुसार ३ समुहले आआफ्नो बिषयको मुल्यांकन गर्ने। | प्रस्तुतीकरण छलफल | ३ समूहको लागि मुल्यांकन कपि |
| १:१५ - १:४५ | चिया/खाजा ब्रेक | | |
| १:४५ - ४:४५ | HP MSS tool को मुख्य ३ विषयवस्तु अनुसार ३ समुहले आआफ्नो बिषयको मुल्यांकन गर्ने।३ जना सहजकर्ताहरु | सहजीकरण | ३ समूहको लागिमुल्यांकनकपि |
| ४:४५ - ५:३० | मुल्यांकन सकेर HP बाट फर्कने र कार्यक्रम स्थलमा आउने। | सहजीकरण | vehicle को व्यवस्था |
| समय | विषयवस्तु (तेश्रो दिन) | प्रक्रिया | सामग्री |
| १० - १०: ३० | दोश्रो दिनको कार्यक्रम पुनरावलोकन र फिल्ड अभ्यास बारे छलफल | सहजीकरण | ३ समुहको मुल्यांकन कपि |
| १०:३० - ११:३० | HP MSS मूल्यांकनको स्कोर समायोजन र विश्लेषण अभ्यास गर्ने। | सहजीकरण | ३ वटै समुहमा १/१ वटा कपिमा स्कोर पुरा भर्ने |
| ११:३० - १२:०० | विश्राम | | |

| | | | |
|---|---|---|---|
| १२ - १:५० | HP MSS मूल्यांकनको स्कोर समायोजन र विश्लेषण अभ्यास गर्ने। | सहजीकरण | ३ वटै समुहमा १/१ वटा कपिमा स्कोर पुरा भर्ने |
| १:५० - २:५० | विश्राम | | |
| २:५० - ३:५० | प्रतिवेदन, कार्ययोजना तयार गर्ने अभ्यास | सहजीकरण | प्रतिवेदन फारम, कार्ययोजना फारम |
| ३:५० - ४:३० | HP MSS स्कोर कार्ड भर्ने अभ्यास समुहमा | सहजीकरण | स्कोर कार्ड फ्लेक्स |
| ४:३० - ५:३० | कार्यक्रम समापन | सहजीकरण | |

४.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा सामाजिक विकास मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य कार्यालयले प्रत्येक स्थानीय तहलाई उपलब्ध गराउने दस्तावेजहरुको सूची

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन प्रकृयामा प्रदेशले स्थानीय तहका स्वास्थ्य शाखाहरु बाट प्रतिनिधि आमन्त्रण गरि ३ दिने अभिमुखिकरण गोष्ठी संचालन गर्दा चाहिने सम्पुर्ण दस्तावेजहरु सामाजिक विकस मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य कार्यालयले उपलब्ध गराउने । यसको सूची निम्न अनुसार छ:

१. प्रत्येक स्थानिय तहका जम्मा स्वास्थ्य चौकीको संख्या अनुसार १/१ वटाको दरले पुग्ने गरि HP MSS Tool प्रिन्ट कपि ।
२. स्थानीय तहलाई स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड अभिमुखिकरण मार्गदर्शनको इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले आआफ्नो स्थानीय तहमा चाहिने मार्गदर्शन आफैले प्रिन्ट गर्नुपर्नेछ)।
३. HP MSS मुल्यांकन sheetको इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले एउटा स्वास्थ्य चौकीको लागि १ वटा पुग्ने गरि आफैले प्रिन्ट गर्नुपर्नेछ)।
४. स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर कार्ड फ्लेक्स तयार गर्न इलेक्ट्रोनिक कपि (सबै स्थानीय तहहरुले एउटा HP को लागि १ वटा पुग्ने गरि आफैले प्रिन्ट गर्नुपर्नेछ)।
५. स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा गरिने प्रतिवेदन फारम ।
६. MSS tool को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी (तयारी PPP) ।

७. HP MSS Tool को परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरुर मुल्यांकन विधि बारे छलफल (तयारी PPP) I

## ४.३ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रदेश तहमा सामाजिक विकास मन्त्रालय/ प्रदेश स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य कार्यालयले संचालन गर्ने ३ दिने अभिमुखीकरण कार्यक्रमको प्रकृया

प्रदेश तहमा सामाजिक विकास मन्त्रालयमा विनियोजित गरिएको स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड को संघिय ससर्त बजेटबाट ३ दिने अभिमुखिकरण गोष्ठी संचालन गर्ने र यसको लागि पालिका स्तरीय सहभागीहरु (सम्बन्धित स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र शाखाका गुणस्तर हेर्ने फोकल व्यक्ति) १/१ जनाको दरले सहभागी गराउनु पर्नेछ I MoSD ले सम्बन्धित शिर्षकको बजेट स्वास्थ्य निर्देशनालयमा पठाएको भए निर्देशनालयले स्थानीय तहका सहभागीहरु लाई निमन्त्रणा गरि अभिमुखिकरण गर्ने I यदि बजेट जिल्ला स्थित स्वास्थ्य कार्यालयलाई पठाएको भए स्वास्थ्य कार्यालयले सम्बन्धित स्थानीय तहका सहभागीहरु लाई निमन्त्रणा गरि अभिमुखिकरण गर्नुपर्नेछ I स्थानीय तहका सहभागीहरुले ३ दिनको अभिमुखिकरण प्राप्त गरेपछि स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन गर्न सहजकर्ता/श्रोत व्यक्तिको रुपमा तयार भई आ-आफ्नो स्थानीय तहमा कार्यक्रम कार्यान्वयन सम्पन्न हुनेछ I

अभिमुखिकरण गोष्ठी संचालन गर्नु पुर्व, गोष्ठी संचालन गर्ने स्थान नजिकै पर्ने एउटा स्वास्थ्य चौकीको छनौट गर्ने र उक्त स्वास्थ्य चौकीको प्रमुखलाई पनि गोष्ठीमा सहभागी गराउने I मुख्य गरि ३ दिन मध्ये, पहिलो दिनमा सैद्दान्तिक, बिषयगत छलफल, र HP MSS Tool प्रयोग गर्ने विधि अभ्यास गराउने, दोश्रो दिनमा छनौट गरिएको नजिकको स्वास्थ्य चौकीमा गई वास्तविक फिल्डमै MSS assessment गर्ने अभ्यास गराउने र तेश्रो दिनमा assessment को आधारमा स्कोरिंग गर्ने, समस्या पहिचान गर्ने र यसको आधारमा कार्ययोजना (action plan) बनाउने I स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोर्डिंग स्कोर कार्ड भर्न लगाउने I स्वास्थ्य चौकीले MSS मुल्यांकन गरिसकेपछि सम्बन्धित स्थानीय तहमा प्रतिवेदन गर्नुपर्ने हुनाले प्रतिवेदनको फारम भर्ने तरिकाको पनि अभ्यास गराउने र गोष्ठी सम्पन्न गर्ने I

## ५ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन अभिमुखिकरण प्रक्रियामा स्थानीय तहको भूमिका

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन अभिमुखिकरण सम्बन्धि निम्न कार्यहरु सम्पन्न गर्न, स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुददृढीकरण समितिको मुख्य भूमिका रहनेछ I स्थानीय तहको समितिको संरचना अनिसुची ३ मा हेर्न सकिन्छ I स्वास्थ्य चौकीहरुमा न्यूनतम सेवा मापदण्ड पहिलो

पटक कार्यन्वयनका लागि, अभिमुखिकरण देखि कार्यान्वियन र यसको सुधारको लागि निरन्तरतामा स्थानीय तहको मुख्य भूमिका रहनेछ।

५.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा स्थानीय तहले संचालन गर्नुपर्ने १/२ दिने अभिमुखिकरण कार्यक्रमको कार्यतालिका

| | | | |
|---|---|---|---|
| **अभिमुखिकरणको उद्देश्य:** स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड सम्बन्धि, स्थानीय तहमा नीति निर्माण तथा कार्यक्रमको योजना गर्ने तहमा रहेका व्यक्तिहरुका साथै सम्बन्धित समुदायमा काम गर्ने सहयोगी संस्थाहरुलाई अभिमुखिकरण र कार्यक्रम कार्यन्वयनमा सहयोग गर्ने वातावरण सिर्जना गर्ने। | | | |
| **अभिमुखिरण कार्यक्रमका सहभागीहरु:** स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाको व्यवस्थापन सुददृढीकरण समितिका सदस्यहरु सबै (अनुसूची ३ मा हेर्ने)। | | | |
| **कार्यक्रम संचालन गर्ने स्थान र मिति:**<br>कार्यक्रम संचालन गर्ने स्थान र मिति निश्चित गरेपछि मात्र सहभागीहरुलाई आमन्त्रण गर्ने। | | | |
| समय | विषयवस्तु | प्रकृया | सामग्री |
| १० - १०: ३० | सहभागी दर्ता, परिचय, उद्देश्य, कार्यक्रम उदघाटन | सहजीकरण | माइनुत बुक, हाजिरी रजिस्टर चाहिने सामाग्रीहरु |
| १०:३० - ११:१५ | MSS को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी | प्रस्तुतीकरण | तयारी PPP, Laptop, LCD projector |
| ११:१५ - ११:४५ | विश्राम | | |
| ११:४५ - १२:४५ | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्डको परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरु | प्रस्तुतीकरण | तयारी PPP,HP MSS Tool प्रिन्ट कपि |

| | | | |
|---|---|---|---|
| १२:४५ - १:३० | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयनको लागि बजेट बिनियोजन, कार्यन्वयन अभिमुखिकरण मार्गदर्शन बारे जानकारी साथै कार्यन्वयन सम्बन्धि सहयोगी संस्थाहरुको सहयोग(कुनै सहयोगी संस्थाहरु भएमा  मात्र) | प्रस्तुतीकरण | तयारी PPP,  HP MSS अभिमुखिकरण मार्गदर्शन |
| १:३० - २:३० | कार्यक्रम समापन र चिया/खाजा | | |

५.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रत्येक स्थानीय तहहरुले स्वास्थ्य संस्थालाई उपलब्ध गराउने दस्तावेजहरुको सूची

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रत्येक स्थानीय तहका स्वास्थ्य शाखाका सहजकर्ताहरुले स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढीकरण समितिका सदस्यहरु सबैलाई आमन्त्रण गरि १/२ दिने अभिमुखिकरण गोष्ठी संचालन गर्ने । उक्त अभिमुखिकरण कार्यक्रम गर्दा HP MSS कार्यन्वयन गर्नका लागि चाहिने सम्पुर्ण document हरुतयार गरि गुणस्तर समितिलाई देखाउने/जानकारी गराउने । यसको सूची निम्न अनुसार छ:

- प्रत्येक स्थानिय तहका जम्मा स्वास्थ्य चौकीको संख्या अनुसार १/१ वटाको दरले पुग्ने गरि HP MSS Tool प्रिन्ट कपि तयार राख्ने ।
- आआफ्नो स्थानीय तहको (१/१ वटा) लागि स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड अभिमुखिकरण मार्गदर्शन प्रिन्ट गर्ने ।
- HP MSS मुल्यांकन sheet सबै स्थानीय तहहरुले एउटा स्वास्थ्य चौकीको लागि १ वटा पुग्ने गरि आफैले प्रिन्ट गर्ने ।
- सबै स्थानीय तहहरुले स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर कार्ड फ्लेक्स तयार गरि एउटा स्वास्थ्य चौकीको लागि १ वटा पुग्ने गरि प्रिन्ट गर्ने ।
- स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा गरिने प्रतिवेदन फारम ।
- न्युनतम सेवा मापदण्ड को परिचय र आवश्यकता, इतिहास, स्कोप, टूल निर्माण सम्बन्धि प्रक्रिया बारे जानकारी (तयारी PPP) ।

- स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्डको परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरुर मुल्यांकन बिधि बारे छलफल (तयारी PPP)।

## ५.३ HP MSS कार्यन्वयन प्रक्रियामा स्थानीय तह (गाउपालिका/नगरपालिका/ उप-महानगरपालिका / महानगरपालिका) ले संचालन गर्नुपर्ने १/२ दिने अभिमुखिकरण कार्यक्रमको प्रकृया

स्थानीय तहमा गर्ने १/२ दिनको अभिमुखिकरण गोष्ठी संचालन गर्दा स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र शाखाका गुणस्तर हेर्ने फोकल व्यक्तिको जिम्मेवारी प्रप्त व्यक्तिले कार्यक्रम बारे पहिलो पटक अभिमुखिकरण प्राप्त गरिसकेपछि, स्थानीय तहमा रहेका, स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण गोष्ठीको कार्य तालिका अनुसार १/२ दिनको स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम र कार्यान्वियन प्रकृयाबारे अभिमुखिकरण गर्ने । अभिमुखिकरण गोष्ठी संचालन गर्नको लागि स्थानीय तहमा स्वास्थ्य शाखाका प्रमुख र शाखाका गुणस्तर सेवा हेर्ने जिम्मेवार व्यक्तिले श्रोत व्यक्तिको रुपमा जिम्मेवारी लिने । यसको लागि स्थानीय तहले, आवश्यकताको आधारमा जिल्ला स्थित स्वास्थ्य कार्यालयका स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वियन अभिमुखिकरण प्राप्त प्रमुख वा फोकल व्यक्ति (प.हे.न.) लाई श्रोत व्यक्तिको रुपमा निमन्त्रणा गरि कार्यक्रम संचालन गर्न सहयोग लिन सकिनेछ।

## ६. स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रक्रियामा स्वास्थ्य चौकीको भूमिका

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रककृया र सुधारको लागि, स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढीकरण समितिको मुख्य भूमिका रहने छ । स्वास्थ्य संस्थाको गुणस्तर समितिको संरचना अनूसुची ४ मा उल्लेख गरिएको छ। स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वियन प्रकृयामा स्वास्थ्य संस्थाले निम्न कार्यहरु गर्नुपर्ने हुन्छ।

- स्थानीय तहका स्वास्थ्य शाखाबाट स्वास्थ्य शाखा प्रमुख र गुणस्तर स्वास्थ्य सेवा हेर्ने फोकल व्यक्ति (स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन सम्बन्धि अभिमुखीकरण प्राप्त सहजकर्ता) आई पहिलो पटक र त्यस पछि ६ महिनामा दोश्रो पटक HP MSS Tool को प्रयोग गरि सेवाको मुल्यांकन गर्ने प्रक्रियामा स्वास्थ्य संस्था प्रमुख र गुणस्तर समितिको अध्यक्ष अनिवार्य उपस्थित भई स्वमुल्यांकन प्रक्रियाको सम्पुर्ण जानकारी हासिल गर्ने ।
- स्थानीय तहका श्रोत व्यक्तिहरुबाट आवश्यकता अनुसार पृष्ठपोषण र कोचिंग ग्रहण गरि आगामी दिनमा गर्नुपर्ने स्वमुल्यांकनको तयार हुने।

- दोश्रो पटकको संयुक्त मुल्यांकन पछी तेश्रो पटक देखि ६/६ महिनामा आआफ्नो स्वास्थ्य चौकीहरुमा आफ्नै समुहले स्वमुल्यांकन गर्ने, समस्या पत्ता लगाउने, स्कोरिंग र स्कोर कार्ड फ्लेक्स भर्ने, कार्ययोजना बनाउने र कार्यन्वयन गर्ने प्रक्रिया अगाडी बढाउने ।
- स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढीकरण समितिको बैठक बस्ने र उक्त बैठकमा गुणस्तर सुधारको लागि बनेको कार्ययोजना को समिक्षा गर्ने र कार्यन्वयन गर्ने ।
- आवश्यकता अनुसार नया कार्ययोजना निर्माण गरि निरन्तर कार्यान्वियन गरिरहने र कार्यन्वयनको लागि चाहिने श्रोत पहिचान गर्ने ।
- प्रत्येक पटकको स्वमुल्यांकन पछी अर्ध बार्षिक प्रतिवेदन आआफ्नो स्थानिय तहमा पठाउने ।

६.१ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृया संचालन गर्न स्वास्थ्य संस्थामा गरिने पहिलो २ दिने कार्यक्रम (अभिमुखिकरण र संयुक्त मुल्यांकन) कार्यतालिका

**अभिमुखिकरणको उद्देश्य** : स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS Tool) सम्बन्धि, स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समितिमा रहेका व्यक्तिहरु लाई अभिमुखिकरण गरि कार्यक्रम कार्यान्वियनमा सहयोग गर्ने वातावरण सिर्जना गर्ने साथै कार्यन्वयन गरि स्वास्थ्य संस्थाले उपलब्ध गराउने सेवाको गुणस्तर अभिबृद्दी गर्ने ।

**अभिमुखिरण कार्यक्रमका सहभागीहरु** : स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढीकरण समितिका सदस्यहरु सबै (अनुसूची ४ मा हेर्ने)।

कार्यक्रम संचालन गर्ने स्थान र मिति:कार्यक्रम संचालन गर्ने स्थान सम्बन्धित स्वास्थ्य संस्था नै हुनेछ । स्थानीय तहका श्रोत व्यक्तिहरुले संस्थाका प्रमुख संगको समन्वयमा मिति तय गरि कार्यक्रम संचालन गर्ने ।

| समय | विषयवस्तु (पहिलो दिन) | प्रक्रिया | सामग्री |
|---|---|---|---|
| १०:०० - १०: ३० | सहभागी दर्ता, परिचय, उद्देश्य, कार्यक्रम उदघाटन | सहजीकरण | माइनुट बुक, हाजिरी रजिस्टर चाहिने सामाग्रीहरु |
| १०:३०- ११:३० | HP MSS Tool को परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरु बारे छलफल गर्ने | सहजीकरण | तयारी PPP वा news print मा प्रस्तुति तयार र HP MSS Tool प्रिन्ट कपि को प्रयोग |

| | | | |
|---|---|---|---|
| ११:३०-१२:४५ | चिया ब्रेक | | |
| १२:४५ – १:४५ | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयनको लागि, कार्यन्वयन अभिमुखिकरण मार्गदर्शन बारे जानकारी (स्वास्थ्य चौकी तहको बिषयमा मात्र छलफल गराउने) | प्रस्तुतीकरण | news print मा प्रस्तुति तयारि, HP MSS अभिमुखिकरण मार्गदर्शन प्रिन्ट कपि |
| १:४५ - १:३० | HP MSS tool को मुख्य विषयवस्तु अनुसार समुहले संयुक्त मुल्यांकन सुरु गर्ने। | सहजीकरण | समूहको लागि मुल्यांकन कपि |
| १:३० - २:३० | खाजाब्रेक | | |
| २:३० – ५:०० | HP MSS tool को मुख्य विषयवस्तु अनुसार समुहले संयुक्त मुल्यांकन सुरु गर्ने। | सहजीकरण | समूहको लागि मुल्यांकन कपि |
| समय | विषयवस्तु (दोश्रो दिन) | प्रक्रिया | सामग्री |
| १०:०० - १०: ३० | दोश्रो दिनको कार्यक्रम पुनरावलोकन र फिल्ड अभ्यास बारे छलफल | सहजीकरण | समुहको मुल्यांकन कपि |
| १०:३० - ११:३० | HP MSS मूल्यांकनको स्कोर समायोजन र विश्लेषण अभ्यास गर्ने। | सहजीकरण | समुहको मुल्यांकन कपि |
| ११:३० - १२:०० | चिया ब्रेक | | |
| १२:०० - १:५० | HP MSS मूल्यांकनको स्कोर समायोजन र विश्लेषण अभ्यास गर्ने। | सहजीकरण | समुहमा छलफल |
| १:५० - २:५० | खाजा/चिया ब्रेक | | |
| २:५० - ३:५० | प्रतिवेदन तयार गर्ने साथै कार्य योजना बनाउने अभ्यास | सहजीकरण | प्रतिवेदन फारम, कार्ययोजना फारम |

| | | | |
|---|---|---|---|
| ३:५० - ४:३० | HP MSS स्कोर कार्ड भर्ने अभ्यास समुहमा | सहजीकरण | स्कोर कार्ड फ्लेक्स भर्ने |
| ४:३० - ५:३० | कार्यक्रम समापन | सहजीकरण | |

## ६.२ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रत्येक स्वास्थ्य संस्थाले प्रयोग गर्ने दस्तावेजहरुको सूची:

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा प्रत्येक स्वास्थ्य चौकीहरुले २ दिने संयुक्त मुल्यांकन साथै अभिमुखिकरण कार्यक्रम संचालन गर्दा चाहिने सम्पुर्ण दस्तावेजहरुको सूची निम्न अनुसार छ :

१. स्वास्थ्य चौकीको लागि १ वटा HP MSS Tool प्रिन्ट कपि ।
२. स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड अभिमुखिकरण मार्गदर्शन प्रिन्ट कपि ।
३. HP MSS मुल्यांकन sheet १ वटा प्रिन्ट कपि ।
४. स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर कार्ड फ्लेक्स १ वटा ।
५. स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा गरिने प्रतिवेदन फारम ।
६. HP MSS Tool को परिचय, आवश्यकता, स्कोप, टूलको मुख्य विषयवस्तुहरुर मुल्यांकन विधि बारे छलफल (तयारी PPP) ।

## ६.३ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा स्वास्थ्य चौकीको २ दिने संयुक्त मुल्यांकन र अभिमुखिकरण कार्यक्रमको प्रकृया

स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुख र शाखाका गुणस्तर हेर्ने फोकल व्यक्तिहरुले पहिलो पटक आआफ्नो स्थानीय तहमा १/२ दिनको अभिमुखिकरण गोष्ठी संचालन गरिसकेपछि स्थानीय तहहरुमा रहेका स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड संचालन गर्न २ दिने संयुक्त मुल्यांकन र अभिमुखिकरण कार्यक्रमको बजेट र समय निर्धारण गरि निम्न कार्यहरु गर्ने :


- उक्त कार्यक्रममा स्वास्थ्य संस्थाका प्रमुख, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य संस्थाका गुणस्तर समितिका अध्यक्ष साथै पदाधिकारीहरु संग मिलेर संस्थाको संयुक्त मुल्यांकन गर्ने ।

- यस कार्यक्रमको लागि विनियोजित बजेटको आधारमा स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य चौकीहरुमा स्वमुल्यांकन गर्ने योजना बनाउने।
- केहि गरि संघिय ससर्त विनियोजित बजेटले सबै स्वास्थ्य चौकीहरुमा सम्पन्न गर्न नपुग भएमा आआफ्नो स्थानीय तहले बजेट व्यवस्था गरि/छुट्याई सम्पन्न गर्न सकिनेछ।
- प्रत्येक स्वास्थ्य चौकीमा मुल्यांकन गरिसकेपछि, स्कोरिंग गर्ने (स्कोर कार्ड फ्लेक्समा) color scoring गर्ने, न्यूनतम सेवाको मापदण्ड नपुगेका बिषयहरु समस्या पहिचान गर्ने र समस्याको आधारमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने।
- मुल्यांकनको score को आधारमा प्रतिवेदन तयार गर्ने र सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत सम्बन्धित प्रदेश स्वास्थ्य निर्देशनालयलाई पठाउने।
- कार्ययोजनाको नमुना फारम अनुसूची ५ मा, प्रतिवेदनको नमुना फारम अनुसूची ६ मा color score कार्ड फ्लेक्सको नमुना अनुसूची ७ मा उल्लेख गरिएको छ।

६.४ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन प्रकृयामा स्वास्थ्य चौकीको प्रत्येक ६/६ महिनामा संयुक्त मुल्यांकन कार्यक्रमको प्रकृया

- पहिलो पटक स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड संयुक्त मुल्यांकन सम्पन्न भएको ठिक ६ महिनामा पनि सम्बन्धित स्थानीय तहबाट सम्बन्धित सहजकर्ताहरू प्रत्येक स्वास्थ्य चौकीमा गई स्वास्थ्य संस्थाका प्रमुख, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य संस्थाका गुणस्तर समितिका अध्यक्ष र पदाधिकारीहरु संग मिलेर दोश्रो पटक संस्थाको २ दिने संयुक्त स्वमुल्यांकन गर्ने।
- यस पटक स्वास्थ्य संस्थाका प्रमुख, स्वास्थ्यकर्मीहरु र गुणस्तर समितिका अध्यक्षलाई मुख्य मुल्यांकनकर्ताको रुपमा राख्ने र स्थानीय तहबाट सम्बन्धित सहजकर्ताहरूले मुल्यांकन प्रक्रियामा नबुझेका कुराहरुमा सहजीकरण र कोचिंग गरि सबैजनालाई अब आउने ६/६ महिनामा स्वमुल्यांकन गर्नको लागि क्षमता अभिवृदी गर्ने।
- स्वास्थ्य चौकीमा गएर HP MSS Tool को प्रयोग गरि मुल्यांकन गरे पछी color scoring गर्ने (स्कोर कार्ड फ्लेक्समा), पहिलो पटक बनाएको कार्य योजना सम्पन्न भए नभएको पुनरावलोकन गर्ने, नया थप कार्ययोजनाहरु बनाउने र कार्यन्वयन गर्ने अभ्यास गर्ने/गराउने।
- संयुक्त मुल्यांकनको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पठाउने।
- प्रत्येक ६/६ महिनामा सम्पुर्ण स्वास्थ्य चौकीहरुमा सम्बन्धित स्थानीय तहले संयुक्त स्वमुल्यांकन गर्ने।
- स्वमुल्यांकन गरेर प्रतिवेदन र कार्य योजना सम्बन्धित स्थानीय तहमा पठाई सकेपछि स्थानीय तहले सबै संस्थाको समस्याहरु विश्लेषण गरि अति आवश्यक वस्तुहरु, औजार, उपकरण आदिको व्यवस्था गरि सम्बन्धित संस्थामा उपलब्ध गराउने।

६.५ न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि स्वास्थ्य चौकीमा अपनाउने कार्यविधि




चित्र १: न्यूनतम सेवा मापदण्ड कार्यन्वयनका लागि स्वास्थ्य चौकीहरुको लागि अपनाउने कार्यविधि

७. अभिलेख, प्रतिवेदन तथा योजना तर्जुमा

स्थानीय तहले प्रत्येक स्वस्थ्य चौकीको स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड पहिलो स्वमुल्यांकन, दोश्रो संस्थागत संयुक्त फलोअप मुल्यांकन र समिक्षा साथै ६/६ महिनामा गरिने निरन्तर संयुक्त फलोअप मुल्यांकन र समिक्षाको अर्ध बार्षिक प्रतिवेदनको एक प्रति सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत प्रदेश स्वास्थ्य निर्देशनालयमा पठाउने। स्वास्थ्य सेवा विभागको उपचारात्मक सेवा महाशाखाको आधारभूत स्वास्थ्य शाखाले स्वास्थ्य निर्देशनालयबाट प्रतिवेदन प्राप्त गर्न सक्ने छ। प्रतिवेदनको नमुना फारम अनुसूची ६ मा उल्लेख गरिएको छ।

स्वास्थ्य चौकी स्तरमा, स्वास्थ्य चौकी को प्रत्येक पटकको MSS मुल्यांकन गरिसकें पछि प्रत्येक स्वास्थ्य चौकीमा २x३ (२ फिट चौडाई ३ फिट उचाई) फिटको "स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर कार्ड" नामको फ्लेक्स प्रिन्ट गरि सोहि कार्डमा स्कोर अनुसार color भर्ने र स्वास्थ्य चौकीको प्रशासनिक कोठाको बाहिर भित्तामा सबैले देख्ने गरि झुण्ड्याउने। जसले गर्दा स्वास्थ्य संस्थाको team र गुणस्तर समितिलाई कार्यन्वयनमा सहयोग पुग्ने छ। स्कोर कार्ड फ्लेक्स पालिकाले प्रिन्ट गरि स्वास्थ्य चौकीलाई उपलब्ध गराउनुपर्ने छ।

स्थानीय तहले प्रत्येक स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड संयुक्त स्वमुल्यांकन, फलोअप मुल्यांकन र समिक्षा साथै ६/६ महिनामा गरिने निरन्तर संयुक्त फलोअप मुल्यांकन र समिक्षाको अर्ध बार्षिक प्रतिबवेदनको आधारमा आवश्यकता पहिचान गरि प्रत्येक बर्षको बजेट योजना तर्जुमा (AWPB) गर्दा स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयनमा बजेट विनियोजन गरि गुणस्तर आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन भूमिका खेल्नुपर्ने अपरिहार्य छ।

**अनूसुचीहरू**

अनुसूची १: स्वास्थ्य सेवा विभाग स्तरीय गुणस्तर सुधार प्राबिधिक कार्य समूह (Technical Working Group)

| क्र.स. | स्वास्थ्य सेवा विभाग स्तरीय गुणस्तर सुधार प्राविधिक कार्य समूह (Technical Working Group) को पद तथा कार्यालय | पद |
|---|---|---|
| १ | निर्देशक उपचारात्मक सेवा महाशाखा | संयोजक |
| २ | प्रतिनिधि, निती योजना तथा अनुगमन महाशाखा, स्वा. त. ज. म | सदस्य |
| ३ | प्रतिनिधि, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वा. त. ज. म | सदस्य |

| | | |
|---|---|---|
| ४ | प्रतिनिधि, स्वास्थ्य समन्वय महाशाखा, स्वा. त. ज. म | सदस्य |
| ५ | प्रतिनिधि, आखा, ई.एन्टी. तथा ओरल हेल्थ शाखा, उ. से. म | सदस्य |
| ६ | प्रतिनिधि, अस्पताल सुदृढीकरण शाखा, उ. से. म | सदस्य |
| ७ | प्रतिनिधि, व्यवस्थापन महाशाखा, स्वा.से. वि. | सदस्य |
| ८ | प्रतिनिधि, नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (NHSSP-3) | सदस्य |
| ९ | विश्व स्वास्थ्य संगठन (WHO) | सदस्य |
| १० | Nick Simon Institute (NSI) | सदस्य |
| ११ | प्रतिनिधि, फोकल पर्सन आधारभूत तथा आकस्मिक सेवा व्यवस्थापन शाखा | सदस्य |
| १२ | शाखा प्रमुख, आधारभूत तथा आकस्मिक सेवा व्यवस्थापन शाखा, उ.से. म | सदस्य सचिव |
| | आवस्यकता अनुसार अन्य मन्त्रालय, विभाग, महाशाखा, र साझेदार संस्थाहरु/ दात्री निकायहरु बाट प्रतिनिधि आमन्त्रण गर्न सकिने । | सदस्य |

अनुसूची २ : प्रदेश तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति

| क्र.स. | प्रदेश तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति | पद |
|---|---|---|
| १ | निर्देशक, प्रादेशिक स्वास्थ्य निर्देशनालय | संयोजक |
| २ | प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा माहाशाखा , सामाजिक विकास मन्त्रालय | सदस्य |
| ३ | समितिले चयन गरेको प्रादेशिक रिफेरल अस्पतालका प्रमुखहरु | सदस्य |
| ४ | प्रतिनिधि, योजना, अनुगमन तथा नियमन शाखा, प्रादेशिक स्वास्थ्य निर्देशनालय | सदस्य |
| ५ | प्रतिनिधि, निति कानुन तथा योजना शाखा,प्रादेशिक स्वास्थ्य निर्देशनालय | सदस्य |
| ६ | प्रतिनिधि, योजना अनुगमन तथा खरिद शाखा, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र वा सो सरह, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ७ | प्रतिनिधि, नर्सिङ सेवा व्यवस्थापन शाखा, प्रादेशिक स्वास्थ्य निर्देशनालय | सदस्य |

| | | |
|---|---|---|
| ८ | समितिले चयन गरेको उपभोक्ता मञ्चको प्रतिनिधि मध्येबाट एक | सदस्य |
| ९ | कार्यक्रम फोकल पर्सन, चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखा, प्रादेशिक स्वास्थ्य निर्देशनालय | सदस्य-सचिव |
| नोटः समितिले आवश्यकतानुसार विषयविज्ञलाई आमन्त्रित गर्न सक्नेछ । | | |

अनुसूची ३ : स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति

| क्र.स. | स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति | पद |
|---|---|---|
| १ | प्रमुख वा निजले तोकेको जनप्रतिनिधि, महानगरपालिका /उप-महानगर पालिका / नगरपालिका / गाउँपालिका | संयोजक |
| २ | समितिले चयन गरेको स्थानीय तहको  सरकारी अस्पतालका प्रमुखहरू | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत, (महानगरपालिका /उप-महानगरपालिका/नगरपालिका/ गाउँ पालिका) | सदस्य |
| ४ | समितिले चयन गरेको (महानगरपालिका /उप-महानगर पालिका/नगरपालिका/ गाउँ पालिका) कार्यालय रहेको वडाको वडाध्यक्ष | सदस्य |
| ५ | समितिले चयन गरेको (महानगरपालिका /उप-महानगर पालिका/नगरपालिका/ गाउँ पालिका)को महिला वडा सदस्य मध्येबाट १ जना | सदस्य |
| ६ | समितिले चयन गरेको उपभोक्ता मञ्चको प्रतिनिधि मध्येबाट एक | सदस्य |
| ७ | संयोजक/प्रमुख , स्वास्थ्य शाखा/इकाई, (महानगरपालिका /उप-महानगर पालिका/नगरपालिका/ गाउँ पालिका) | सदस्य-सचिव |
| नोटः समितिले आवश्यकतानुसार विषयविज्ञलाई आमन्त्रित गर्न सक्नेछ । | | |

अनुसूची ४. स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति

| क्र.स. | स्वास्थ्य  संस्था गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा व्यवस्थापन सुदृढिकरण समिति | पद |
|---|---|---|

| | | |
|---|---|---|
| १ | महानगरपालिका /उप-महानगर पालिका/नगरपालिका/ गाउँ पालिका को स्वास्थ्य सँस्था रहेको वडा को वडा अध्यक्ष | अध्यक्ष |
| २ | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरू मध्येबाट एकजना | उपाध्यक्ष |
| ३ | समितिले मनोनित गरेको स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख प्राचार्यम/ ध्येबाट एकजना महिला | सदस्य |
| ४ | समितिले मनोनित गरेको स्थानिय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५ | समितिले मनोनित गरेको स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयमसेविकाहरू मध्येबाट एकजना | सदस्य |
| ६ | वडा कार्यालयका सचिव | सदस्य |
| ७ | स्वास्थ्य संस्था प्रमुख | सदस्य-सचिव |
| नोटः समितिले आवश्यकतानुसार विषयविज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।<br>द्रष्टव्य: यो समिति स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको संरचना अनुसार हुनेछ । | | |

नोट: यी माथि उल्लेख गरिएका गुणस्तर समितिहरुको संरचना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ड्राफ्ट गरेको न्युनतम सेवा मापदण्ड कार्यन्वयन निर्देशिका अनुसार राखिएको हो I पछी यसको संरचना परिवर्तन भएमा सोहि अनुसार हुनेछ I

## अनुसूची ५: कार्ययोजनाको नमुना फारम

| स्वास्थ्य चौकीमा MSS मुल्यांकन पछी निर्माण गरिने कार्य योजना फारम | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य चौकीको नाम:<br><br>स्थानीय तहको नाम: | | | | | | |
| MSS मुल्यांकन र कार्ययोजना निर्माण गरेको मिति: | | | | | | |
| क्र. सं. | मापदण्ड | गर्नुपर्ने मुख्य क्रियाकलापहरु | जिम्मेवार व्यक्ति | सम्पन्न गर्ने समय | पुनरावलोकन गर्ने मिति | कैफियत |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ६: प्रतिबेदनको नमुना

| **HP MSS प्रतिबेदन फारम** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खण्ड १ सुसाशन र व्यवस्थापन** | | | मापदण्डहरुको संख्या र प्राप्ताङ्कको सारांश | | | | | | | |
| | | | मिति | | | | | | | |
| | क्षेत्र | कुल अङ्क | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % |
| १.१ | सुशासन | २४ (२५**) | | | | | | | | |
| १.२ | संस्थागत व्यवस्थापन | १५ | | | | | | | | |
| १.३ | मानव श्रोत व्यवस्थापन र विकास | १३ (१५**) | | | | | | | | |
| १.४ | आर्थिक व्यवस्थापन | ८ (९**) | | | | | | | | |
| १.५ | मेडीकल रेकर्ड र सूचना व्यवस्थापन | ८ | | | | | | | | |
| १.६ | गुणस्तर व्यवस्थापन | १० | | | | | | | | |
| | कुल | ७८ (८२**) | | | | | | | | |
| **खण्ड २: क्लिनिकल सेवा व्यवस्थापन** | | | भाग २ का मापदण्डहरुको संख्या र प्राप्ताङ्कको सारांश | | | | | | | |
| | | | | | | | | | | |

| | क्षेत्र | कुल अङ्क | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१ | बहिरङ्ग सेबा (ओ. पि. डि) | ५७ | | | | | | | | |
| २.२ | खोप र वृद्धि अनुगमन | १८ | | | | | | | | |
| २.३ | परिवार नियोजन सेवा | २० | | | | | | | | |
| २.४ | ANC र PNC सेवाहरु | २१ | | | | | | | | |
| २.५ | DOTS क्लिनिक | २२ | | | | | | | | |
| २.६ | ड्रेसिङ्ग, ईन्जेक्शन र दैनिक प्रक्रियाहरु | २१ | | | | | | | | |
| २.७ | औषधी सेवा (डिस्पेन्सरी) | २३ (२४*) | | | | | | | | |
| २.८ | बर्थिङ्ग केन्द्र** | ४१** | | | | | | | | |
| २.९ | प्रयोगशाला सेवा (प्रयोगशाला भएको कालागि) | २६ | | | | | | | | |
| | कुल | २०८ (२५०**) | | | | | | | | |
| **खण्ड ३ स्वास्थ्य चौकीसहयोग सेवाव्यवस्थापन** | | | खण्ड ३ का मापदण्डहरुको सारांश | | | | | | | |
| | | | मिति | | | | | | | |
| | क्षेत्र | कुल अङ्क | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % | प्राप्ताङ्क | % |
| ३.१ | उपकरण प्रशोधन र निर्मलीकरण | १७ | | | | | | | | |
| ३.२ | लन्ड्रीसेवा (लुगा धुने व्यवस्था) | १७ | | | | | | | | |
| ३.३ | सरसफाई | १३ | | | | | | | | |
| ३.४ | बिध्युत तथा अन्य उर्जाको व्यवस्थापन | ३ | | | | | | | | |
| ३.५ | पानी श्रोत | ४ | | | | | | | | |
| ३.६ | स्वास्थ्य सेवाजन्य फोहोर व्यवस्थापन | १४ | | | | | | | | |
| ३.७ | सुरक्षा र संरक्षण | १२ | | | | | | | | |
| ३.८ | यातायात साधन र संचार | ५ | | | | | | | | |
| ३.९ | भण्डार (मेडिकल र उपकरण) | १० | | | | | | | | |
| | कुल | ९५ | | | | | | | | |

* औलो प्रभावित क्षेत्रमा मात्र ** प्रसूतिसेवा सहितको (बर्थिङ्ग सेन्टर) भएका स्वास्थ्य चौकीका लागि

## अनुसूची ७: स्वास्थ्य चौकीका लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर कार्ड

# स्वास्थ्य चौकीका लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर कार्ड

स्वास्थ्य संस्थाको नाम:

पालिकाको नाम:

| | | | |
|---|---|---|---|
| कलर कोडिंग संकेत: | <५० % | सेतो | |
| | ५०-६९ % | पहेंलो | |
| | ७०-८४ % | निलो | |
| | ८५-१०० % | हरियो | |

| | न्यूनतम सेवा मापदण्डका भागहरु | कलर कोडिंग स्कोर | | | |
|---|---|---|---|---|---|
| क्र.स. | खण्ड १ सुसाशन र व्यवस्थापन | मिति: मुल्यांक १ | मिति: मुल्यांक २ | मिति: मुल्यांक ३ | मिति: मुल्यांक ४ |
| १.१ | सुसाशन | | | | |
| १.२ | संस्थागत व्यवस्थापन | | | | |
| १.३ | मानव श्रोत व्यवस्थापन र बिकास | | | | |
| १.४ | आर्थिक व्यवस्थापन | | | | |
| १.५ | मेडीकल रेकर्ड र सूचना व्यवस्थापन | | | | |
| १.६ | गुणस्तर व्यवस्थापन | | | | |
| खण्ड २: क्लिनिकल सेवा व्यवस्थापन | | | | | |
| २.१ | बहिरंग सेबा (ओ.पी. डी. ) | | | | |
| २.२ | खोप र बृद्दी मुल्याङ्कन | | | | |
| २.३ | परिवार नियोजन सेवा | | | | |
| २.४ | ANC र PNC सेवा | | | | |
| २.५ | DOTS क्लिनिक | | | | |
| २.६ | औषधी सेवा (वितरण) | | | | |
| २.७ | ड्रेसिंग, ईन्जेकशन र अन्य प्रकृयाहरु | | | | |
| २.८ | प्रयोगशाला सेवा | | | | |
| २.९ | प्रशुती केन्द्र ** | | | | |
| खण्ड ३ स्वास्थ्य चौकी सहयोग सेवा व्यवस्थापन | | | | | |
| ३.१ | औजार प्रशोधन र निर्मलीकरण | | | | |
| ३.२ | लुगा धुनेठाऊँ | | | | |
| ३.३ | सरसफाई | | | | |
| ३.४ | उर्जाको व्यवस्थापन | | | | |
| ३.५ | पानी व्यवस्थापन | | | | |
| ३.६ | स्वास्थ्य जन्य सम्बन्धी फोहोर व्यवस्थापन | | | | |
| ३.७ | सुरक्षा र संरक्षण | | | | |
| ३.८ | यातायात र संचार | | | | |
| ३.९ | भण्डारण (मेडीकल र मसलन्द) | | | | |

* औलो प्रभावित क्षेत्रमा मात्र, ** प्रसुती सेवा सहितको स्वास्थ्य चौकीमा मात्र

अनुसूची ८: स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेबसाईट मा upload गरिएका दस्तावेजहरु बारे मुख्य जानकारी

निम्न दस्तावेजहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेबसाईट मा अपलोड गरिएको छ। संघ, प्रदेश तथा स्थानीय तहका सम्पुर्ण श्रोत व्यक्तिहरुले download गरि प्रयोगमा ल्याउनुहुन अनुरोध छ।

१. स्वास्थ्य चौकीमा गुणस्तर सुधार ल्याउनका लागि न्युनतम सेवा मापदण्ड (HP MSS Tool) टूल छपाई गरि पठाईएकोमा प्रदेश स्तरीय प्रथम अभिमुखीकरण कार्यक्रम संचालन गर्दा प्राप्त सुझाबहरु लाई समेटी सच्याईएको छ। यो सच्याइएको प्रति स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेबसाईट मा upload गरिएको छ।
२. स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP MSS) कार्यान्वयन अभिमुखिकरण मार्गदर्शन २०७६/२०७७
३. स्वास्थ्य चौकीको न्युनतम सेवाको ६/६ महिनामा मुल्यांकन गर्दा प्रयोग गर्ने प्रति (मुख्य प्रति र परिशिस्टहरु)
४. स्वास्थ्य चौकीका लागि कुल MSS अङ्कको आधारमा कलर कोर्डिंग स्कोर कार्ड

परिशिस्ट १: यो मार्गदर्शन तयार गर्न योगदान दिनुहुने प्राबिधिक कार्यसमुहका सदश्यहरु तथा पुनरावलोकनकर्ता र योगदानकर्ताहरुका नामावली

| क्र.सं. | नाम | संस्था |
|---|---|---|
| १ | डा.तारानाथ पोखे्रल | उपचारात्मक सेवा महाशाखा |
| २ | डा.पोमावती थापा | उपचारात्मक सेवा महाशाखा |
| ३ | डा.नरेन्द्र खनाल | उपचारात्मक सेवा महाशाखा |
| ४ | डा.प्रकाश बुडाथोकी | उपचारात्मक सेवा महाशाखा |
| ५ | डा.अमृत पोखे्रल | उपचारात्मक सेवा महाशाखा |
| ६ | कृष्ण बहादुर चन्द | व्यवस्थापन महाशाखा |
| ७ | भरत मणि मरहट्टा | उपचारात्मक सेवा महाशाखा |
| ८ | विजय क्रान्ति शाक्य | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ९ | सुदिप आले | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १० | उमा कुमारी रिजाल | उपचारात्मक सेवा महाशाखा |
| ११ | निलम कुमारी सिंह | उपचारात्मक सेवा महाशाखा |
| १२ | प्रकास पोखे्रल | उपचारात्मक सेवा महाशाखा |
| १३ | भवानी शर्मा | उपचारात्मक सेवा महाशाखा |
| १४ | दौलत विक्रम तुलाधर | उपचारात्मक सेवा महाशाखा |
| १५ | कमलेश मिश्र | उपचारात्मक सेवा महाशाखा |
| १६ | अमृत जंग बस्नेत | उपचारात्मक सेवा महाशाखा |
| १७ | कमला श्रेष्ठ | DFID-NHSSP |
| १८ | रिता पोखे्रल | NSI |